# नेपाल कम्युनिष्ट पार्टी (एमाले)
## जिल्ला कमिटी लमजुङको

## प्रतिबद्धतापत्र

**नेकपा (एमाले) नेपाली जनताको पार्टी**

राष्ट्रिय स्वाधीनता, लोकतन्त्र, समावेशिता र सङ्घीयतालाई आधार बनाएर समृद्ध नेपाल बनाउन बलियो राष्ट्रिय शक्ति निर्माण गर्न नेकपा एमाले दृढ छ।

नेकपा एमालेले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित र स्वाभिमानको रक्षाका लागि नेपाली राजनीतिमा नेतृत्वदायी भूमिका निर्वाह गरेको छ।

सामाजिक विभेदरहित समाज, समानतामा आधारित उत्पादक शक्तिको नेतृत्वमा सञ्चालित, उच्च संस्कृतियुक्त **समृद्ध समाज** निर्माण गर्न हामी प्रतिबद्ध छौं।

नेपाली जनताका विगतदेखिका सङ्घर्ष र बलिदानको जगमा उभिएर **समृद्ध नेपाल सुखी नेपाली**को राष्ट्रिय लक्ष्य पूरा गर्न बलियो राष्ट्रिय शक्ति निर्माण गर्न प्रतिबद्ध छौं।

नेपालको राजनीतिमा व्याप्त रहेको अवसरवादी प्रवृत्तिका विरुद्ध दृढताका साथ उभिएर हामी लमजुङ जिल्लामा पनि फागुन २१ को निर्वाचनमा आफ्ना प्रतिबद्धताहरू सार्वजनिक गर्दछौं।

**समृद्धिको यात्राको प्रस्थान बिन्दु**

नेकपा (एमाले)ले २०५४ मा स्थानीय तह निर्वाचनमा नेकपा (एमाले) लमजुङले जारी गरेको प्रतिबद्धता र सोही प्रतिबद्धतामा आधारित रहेर निर्माण गरिएको **लमजुङ विकास मोडल**ले अहिले ठोस आकार ग्रहण गरिरहेको छ। उक्त प्रतिबद्धतामा प्रस्तावित सडक सञ्जाल, विकासका केन्द्रहरू नै अहिले सडक सञ्जाल र पालिका केन्द्रहरूमा रूपान्तरित भएका छन्। लमजुङको निर्वाहमुखी अर्थव्यवस्थालाई उत्पादनमुखी र आत्मनिर्भर बनाउने दिशातर्फको अग्रसरता नै हाम्रो प्रस्थान बिन्दु हो। यही बिन्दुबाट हामी निम्न काम प्रारम्भ गर्न प्रतिवद्ध छौं।

- मनसुनमा आधारित कृषिलाई प्रविधिमा आधारित र व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि हासिल गर्ने,
- पर्यटनलाई स्थानीय उत्पादनसँग जोड्ने,
- उपभोग्य वस्तुहरूको आयात प्रतिस्थापन गर्ने,
- वनलाई समृद्धिसँग जोड्ने, संरक्षणबाट समृद्धि खोज्ने,
- सिँचाइमा विविधिकरण गर्ने, प्रविधिमैत्री बनाउने,
- जिल्लामा उत्पादित ऊर्जा खपतमा वृद्धि गर्ने,
- एक घर, एक धारा सम्पन्न गर्ने,
- सबै सरकारी कार्यालयहरू विद्युतीय सुशासनमा परिचालित गर्ने,
- सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री बनाउने,
- प्रविधि र सीपमा आधारित शिक्षामा जोड दिने,
- विप्रेषण आयबाट वस्तु र सेवा खरिद दर घटाउने, बचत परिचालन गरी उत्पादन क्षेत्रमा लगानी गर्ने,
- बैङ्क तथा वित्तीय संस्थाको लगानी उद्यमशीलतामा गर्ने,
- निर्धारित बजेट र समयमा भौतिक पूर्वाधार सम्पन्न गर्ने,
- सार्वजनिक अनलाइन सिकाई केन्द्रको स्थापना र सञ्चालन गर्ने,
- उपचारका लागि सञ्जालीकरण प्रविधिको प्रयोग र सबै पालिका अस्पतालमा ल्याब निर्माण र सञ्चालन गर्ने तथा जनशक्ति व्यवस्थापन गर्ने,

**लमजुङ विकासका चालकहरू**

**१) यातायात**

यातायातलाई दिगो भरपर्दो र सुरक्षित बनाउनुपर्छ। यसले शहर र गाउँको दूरी घट्छ, किसानलाई बजारसँग जोड्छ, जसका कारण **"थाप्लोबाट नाम्लो"** हटाउन सहयोग पुग्छ। विगतमा प्रदेश सरकार र सङ्घ सरकारबाट बजेट परिचालित भएका तर सम्पन्न नभएका सडकहरू निर्माण र विस्तार सम्पन्न गर्ने। डुम्रे-बेसीशहर-चामे सडक र मध्यपहाडी (पुष्पलाल) लोकमार्ग सङ्घीय बजेटबाट निर्माण विस्तार भइरहेका छन्। यसलाई सम्पन्न गर्नुपर्छ। गण्डकी प्रदेश सरकारबाट निर्माण र कालोपत्रे गरिएका सडकहरू समयमा नै सम्पन्न गरेर लमजुङ विकासको मुख्य चालक यातायात प्रणाली सुदृढ गरिनेछ।

**२) कृषि**

लमजुङको कृषि निर्भर अर्थतन्त्र अहिले विप्रेषणमा भर पर्ने स्थितिमा रहेको छ। उत्पादन र उत्पादकत्वमा वृद्धि नहुँदा ठूलो सङ्ख्याको जनशक्ति कृषि क्षेत्रबाट पलायन भएको छ। तीव्र बसाइँ सराईका कारण जनसङ्ख्या ऋणात्मक बनेको, श्रम शक्ति र बजारको अभावमा खेतबारी बाँझो भएका छन्। वन्यजन्तुले किसानलाई निराश बनाएकै छ। उत्पादनमा विविधीकरण, बहुवर्षीय खेती प्रणालीमा प्रवेश गरेर खाद्यान्नमा आत्मनिर्भर बन्न सकिन्छ । भू-बनोटमा आधारित फलफूल खेती विकास गर्न सकिन्छ। पशुपालनबाट मासु र दूधमा आत्मनिर्भर बन्दै व्यवसायिकता प्राप्त गर्न सकिन्छ। यस कामका लागि कृषि क्षेत्रमा, वित्तीय लगानी, विश्वविद्यालयहरूको प्राविधिक ज्ञान र प्रविधिलाई किसानमैत्री बनाउन सकिन्छ। कृषि प्राविधिक, सिँचाइ, कृषि सामग्री, कृषि ऋण, ग्रामीण सडक, चिस्यान केन्द्र, पशुपालन, विद्युतिकरण र बजारलाई एकीकृत गर्न सङ्घ, प्रदेश र स्थानीय तहको समन्वयमा काम गर्न सकिन्छ। यस कामका लागि पालिकाहरूका कृषि र पशु शाखाहरूलाई स्रोत केन्द्रका रूपमा विकास गरिनेछ।

**३) पर्यटन**

लमजुङको पर्यटनमा **"चक्रीय पदमार्ग"**ले प्रमुख हिस्सा ओगटेको थियो । मोटरबाटो निर्माणपछि वैकल्पिक पदमार्गहरू निर्माणका क्रममा छन्। गुरुङ सम्पदा पदमार्ग र बुद्ध हिमाल हिमालचुली ग्रेट लेक सर्किटलाई व्यवसायीकरण गरिनेछ। पर्यटनसँग जोडेर लघु उद्योगहरू विकास गर्न सकिन्छ। यसका लागि प्याकेजिङ, जडिबुटी उत्पादन र प्रशोधन गरी ब्रान्डिङ र बजारीकरण गरिनेछ। हाम्रै अनुभवले विकास गरेको **होमस्टे**हरूलाई वैकल्पिक आर्थिक केन्द्र बनाइनेछ। कृषि उत्पादनको बजारीकरण गरिनेछ। यसबाट रोजगारी सिर्जना र गरिबी निवारण भई अर्थतन्त्रको आधार निर्माण हुनेछ। हाइकिङ र पदयात्राका लागि लिपे ट्रेक, बाह्रपोखरी ट्रेक, हर्सिङडाँडा ट्रेक, बेसीशहर पुरानोकोट, बेसीशहर सुलीकोट, कुन्छागढी, तन्द्राङकोट, जुमगढी, कपुरकोटहरू विकास भइरहेका छन्। काउलेपानी, तुर्लुङकोट, घलेगाउँ, भुजुङ, सिउरुङ, रकगार्डेन, भुस्मे, बाग्लुङपानी (पुमा), ताँजे, राइनासकोट, खासुर, नरवल मगरगाउँ होमस्टेहरूलाई थप सुविधा सम्पन्न बनाई आर्थिक केन्द्रका रूपमा विकास गर्न सकिन्छ। पोखराबाट विस्थापित भएको प्याराग्लाइडिङलाई राइनासकोट र लिपेबाट प्रवर्द्धन भइरहेको छ। यसलाई थप व्यावसायिक बनाइनेछ। लमजुङमा पर्यटन विकासका लागि सहयोगी पक्षहरू छन्, ती प्राकृतिक सौन्दर्य, जैविक विविधता, सामाजिक र सांस्कृतिक विविधता हुन्। पर्यटकीय गौरवका रूपमा डा. हर्क गुरुङ, भक्ति थापा, माधव प्रसाद घिमिरे, देउ बहादुर दुरा, भेडीखर्के साइँला, युक्त गुरुङ, इन्द्रबहादुर गुरुङ, राजु परियार, बिमाकुमारी दुराको जन्मथलोको विकास/प्रवर्द्धन गर्नु पर्दछ।

**४) शहरीकरण**

विकासका लागि एकीकृत बस्ती विकास महत्त्वपूर्ण हुन्छ। मध्यनेपाल नगरपालिकालाई पोखराको स्याटलाइट सिटीका रूपमा विकास गर्नुपर्छ। सुन्दरबजार र बेसीशहर पुराना शहरहरू हुन्, यिनको पुनर्निर्माण र व्यवस्थापन गरी

आधुनिक बनाउनुपर्छ। पालिका केन्द्रहरू भुलभुले खुदी, नौथरसेरा, तीनपिप्ले विकास भइरहेका शहर हुन्। मालिङ, घलेगाउँ क्षेत्र, गौडा जोर्ने क्षेत्रलाई हिल स्टेसनका रूपमा विकास गर्न सकिने सम्भावना छ। यस्तै, मध्यनेपालको दुइपिप्ले, भोर्लेटार, सोतीपसल, राइनासको धमिलिकुवा, सातविसे, बोराङखोलालाई शहरका रुपमा विकास गर्न सकिने सम्भावना छ । यी सबै शहरहरूमा स्वास्थ्य सेवा, विद्यालय शिक्षा, बैङ्क, कालोपत्रे सडक, प्याकेजिङ र ब्रान्डिङ गरिने उद्योग, वर्कसप, बेकरी, उद्योग, परामर्श सेवा, निजी क्लिनिक, एम्बुलेन्स सेवा, प्राविधिक शिक्षालयहरूको व्यवस्थापन र स्तरोन्नति गर्नुपर्छ। यी शहरहरुमा आन्तरिक सडकहरुको स्तरोन्नति गरी बजारीकरण गरिनेछ । यसबाट पलायन भइरहेका श्रम शक्तिलाई स्थानीयकरण गर्न सकिन्छ। स्थानीय उत्पादनको वजारिकरण भइ आर्थिक समृध्दि प्राप्त हुन्छ।

**५) शिक्षा**

लमजुङमा सार्वजनिक शिक्षामा सकारात्मक पहलहरू भइरहेका छन्। तर पनि अपेक्षित सिकाई उपलब्धि प्राप्त हुन सकेको छैन। यसका लागि आवश्यक विद्यालय र प्रविधिमैत्री कक्षा कोठाको योजना पूरा गरिनेछ। सार्वजनिक विद्यालयलाई स्मार्ट स्कूल बनाउन **आइसीटी ल्याब र स्मार्ट कक्षा** कार्यक्रम समावेश गरिनेछ। जिल्लामा एउटा मात्रै आङ्गिक क्याम्पस रहेको छ। यसैले हाम्रै प्रदेशका गण्डकी, पोखरा र नेपाल विश्वविद्यालयको आङ्गिक क्याम्पस बनाएर शिक्षाको हबका रूपमा लमजुङको समृद्धि ल्याउन पहल गर्नुपर्छ। IT कलेजहरू स्थापना गर्नुपर्छ।

**६) जलविद्युत**

लमजुङमा जलविद्युतको उत्पादन र वितरण हुने गरेको भए पनि खपतका रूपमा ट्रिपिङ र भोल्टेज फ्लक्चुएसनको समस्या देखा परेको छ। यस्ता समस्या समाधान गरिनेछ। विद्युत् आयोजनाबाट प्राप्त हुने रोयल्टीको ठूलो हिस्सा प्रभावित क्षेत्रका सडक, बिजुली, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी र पर्यटन क्षेत्रमा लगानी गरिनेछ। जलविद्युत आयोजनामा सबै लमजुङवासीको शेयर लगानी गर्न पाउने वैधानिक तथा कानूनी व्यवस्था सुनिश्चित गरिनेछ र जिल्लालाई लगानी मैत्री जिल्लाका रूपमा स्थापित गर्नुपर्छ। पिउने पानी लिफ्टिङ गर्दा विद्युत् उपयोगमा प्रदान हुने सरकारी अनुदान कृषिका लागि उपयोग गर्दा पनि प्रदान गर्ने नीति निर्माण गरिनेछ।

**७) जनशक्ति विकास**

समाज विकासको महत्त्वपूर्ण आधार मानव स्रोत हो। गुणस्तरीय मानव स्रोतको लगानीबाट समृद्धि हासिल गर्न सकिन्छ। विकासका लागि **डिजिटल लमजुङ** बनाउन डिजिटल नेपाल फ्रेमवर्कलाई स्थानीय स्तरमा पूर्ण रूपमा गर्नुपर्छ। सरकारी सेवालाई झन्झटमुक्त गरी विद्युतीय सुशासनको प्रत्याभूति गरिनेछ। यसबाट दक्ष मानव स्रोतको विकास र आपूर्ति भई रोजगारी प्रवर्द्धन हुन्छ। गाउँमा नै बसेर प्राविधिक काम गर्नका लागि युवा रोजगारी सिर्जना गरी विदेशमा रहेका आइटी पेशेवर युवालाई आफ्नै गाउँ फर्केर **वर्क फ्रम भिलेज**का लागि प्रोत्साहित गर्नु पर्छ। यसबाट डिजिटल रेमिटेन्स प्राप्त भई आर्थिक अवस्था सुदृढ हुन्छ।

**८. शैक्षिक रूपान्तरणः स्मार्ट स्कूल र सक्षम छात्रछात्रा**

"गुणस्तरीय र सीपयुक्त शिक्षा बिना भविष्य छैन" भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै जिल्लाका हरेक कुनाका विद्यालयलाई **स्मार्ट स्कूल**का रूपमा रूपान्तरण गरिनेछ। गत २०८२ भदौसम्म आठ वटा विद्यालयमा सम्पन्न भइसकेको **ICT ल्याब र स्मार्ट कक्षा** कार्यक्रमलाई अब जिल्लाभरिका सबै सामुदायिक विद्यालयमा विस्तार गर्नुपर्छ। यसले ग्रामीण क्षेत्रका विद्यार्थीलाई विश्वव्यापी प्रतिस्पर्धामा उभिन योग्य बनाउनेछ। यस्तै सुन्दरबजार स्थित कृषि र पशु विज्ञान अध्ययन संस्थानको कृषि क्याम्पसलाई सुदृढ गर्दै यसलाई अनुसन्धानको केन्द्र पनि बनाइनुपर्छ। **गण्डकी विश्वविद्यालय** र **पोखरा विश्वविद्यालय**को सम्बन्धनमा सुन्दरबजारमा **AI (Artificial**

**Intelligence) तथा IT कलेज** स्थापना गर्नुपर्छ। यो कदम शिक्षा र प्रविधिको 'हब' बनाउने एउटा कोशे ढुङ्गा सावित हुनेछ।

**९. डिजिटल लमजुङ**

लमजुङलाई सूचना प्रविधिको हब बनाउन आगामी दिनमा बहुआयामिक डिजिटल रणनीतिहरू कार्यान्वयन गरिनेछन्। यस योजनाको मुख्य स्तम्भ **'डिजिटल नेपाल फ्रेमवर्क'** लाई स्थानीय स्तरमा पूर्ण रूपमा उतार्नु पर्छ।

पर्यटन, शिक्षा, स्वास्थ्य, कृषि, सार्वजनिक सेवा, वित्तिय क्षेत्र, उद्योग र जलवायु परिवर्तनका क्षेत्रमा **AI** को प्रयोग गरिने छ । लमजुङका प्रत्येक घरमा फोरजी मोवाइलको पहुँच पुर्‍याइनेछ । सबै विद्यालयहरुमा, स्वास्थ्य इकाई, चौकी र अस्पतालहरुमा, सबै वडा कार्यालयहरुमा, सबै पालिका केन्द्रहरुमा, जिल्ला सदरमुकाम र अन्य स्थानका सरकारी कार्यालयहरुमा **FTTH (Fiber to the Home)** पहुँच पुर्‍याई इन्टरनेट सुविधा उपलब्ध गराइने छ । यसले सरकारी सेवालाई कागजबीहिन र झन्झटमुक्त बनाउँदै विद्युतीय सुशासन (**e-Governance)** प्रत्यायभूति दिइनेछ ।

**१०. ई-शिक्षा र डिजिटल डेमोक्रेसी**

हरेक विद्यालयमा अत्याधुनिक **ICT ल्याब** स्थापना गरी किशोर किशोरीलाई कोडिङ र डिजिटल सीप सिकाइनु पर्छ। यसले 'ई-शिक्षा' मार्फत भविष्यका दक्ष जनशक्ति तयार पार्नेछ। साथै, नागरिकका गुनासो र सुझावलाई सिधै डिजिटल माध्यमबाट सुनुवाइ गरी **'डिजिटल डेमोक्रेसी'** लाई प्रवर्द्धन गरिने छ।

यो विकासको चालकले लमजुङलाई एक नमुना डिजिटल जिल्ला बनाउनेछ। प्रविधि, नवप्रवर्तन र स्टार्टअप इकोसिस्टमको यो फ्युजनले लमजुङको सामाजिक-आर्थिक रूपान्तरणमा कोशे ढुङ्गा साबित हुनेछ।

**११. खेलकुद विकास**

युवाहरूलाई दुर्व्यसनबाट टाढा राख्दै शारीरिक र मानसिक रूपमा सबल बनाउन खेलकुदलाई प्रभावकारी माध्यम बनाइनेछ। टोल, वडा र गाउँ स्तरदेखि नै नियमित खेलकुद प्रतियोगिताहरू आयोजना हुने वातावरण निर्माण गरिने छ।

जिल्ला सदरमुकाम वेशीशहरमा अत्याधुनिक रङ्गशालाको काम सम्पन्न गर्ने र पालिकाहरूका उपयुक्त स्थानमा कभर्ड हल, खेल मैदानहरूको निर्माण तथा स्तरोन्नति गरिने छ।

विद्यालय स्तरबाटै खेलाडीहरूको प्रतिभा पहिचान गरी उनीहरूलाई प्रदेश र राष्ट्रिय स्तरसम्म पुर्‍याउन **'खेलाडी प्रोत्साहन कार्यक्रम'** सञ्चालन गरिने छ।

**१२. जलवायु अनुकूलन, हरित ऊर्जा र किसान सुरक्षा**

लमजुङको भौगोलिक संवेदनशीलता र कृषि, पर्यटन र जलविद्युतलगायतका यहाँका आर्थिक स्तम्भमा जलवायु परिवर्तनले पार्ने प्रभावका बारेमा गहिरो अनुसन्धान र त्यसको निराकरणका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सहकार्य गर्ने र स्थानीय सरकारहरूलाई यी संवेदनशील मुद्दामा सक्षम र सचेत बनाउने काम गर्नुपर्छ।

जलवायु परिवर्तनका कारण हुने क्षति कम गर्न लमजुङका प्रत्येक वडामा 'जलवायु-स्मार्ट कृषि' प्रणाली विकासमा लागि काम गरिने छ।

यसैगरी पदमार्गहरूको संरक्षण गर्दै लमजुङलाई 'इको-टुरिजम' गन्तव्यका रूपमा विकास गर्नुपर्छ। जलवायु परिवर्तनका कारण विस्थापित हुनसक्ने पर्यटकीय पदमार्गहरूको वैकल्पिक नक्साङ्कन गरिने छ।

**१३. सिँचाइ, खानेपानी तथा सरसफाई**

लमजुङका सबै घरधुरीमा एक घर एक धाराको कार्यक्रम सम्पन्न गर्ने । बेंसीशहर, सुन्दरबजार, राइनास र मध्यनेपाल नगरपालिकाको एकीकृत बृहत खानेपानी आयोजनाहरु निर्माण सम्पन्न गरी व्यवस्थित गरिनेछ ।

खानेपानीको स्रोतका लागि भूमिगत स्रोतको उपयोग गरी खानेपानी र सिँचाइ दुवै क्षेत्रमा उपयोग गर्ने व्यवस्था मिलाइनेछ । शहरी क्षेत्रको फोहर मैलाको वैज्ञानिक व्यवस्थापन गरिनेछ ।

**लमजुङ विकासका १० मेरुदण्डहरू**

**क. डुम्रे-बेसीशहर-चामे सडक**

मनाङ र तनहुँलाई लमजुङसँग जोड्ने यो सडक विकासको मुख्य मेरुदण्ड हो। यो सडकसँग जोडिए लमजुङका तीन वटा पालिकाको विकास हुन्छ। सुन्दरबजार, बेसीशहर नगरपालिका र मर्स्याङ्दी गाउँपालिकालाई समृद्ध बनाउन सहयोग पुऱ्याउँदछ। जिल्लाको जनसङ्ख्याको सबैभन्दा ठूलो हिस्सा यिनै पालिकामा रहन्छ। कलेज, विद्यालय,अस्पताल, जलविद्युत आयोजनाहरू र शहरीकरण यसै सडकसँग निर्भर रहेको छ। यो सडकको स्तरोन्नतिको काम सुरु भएको छ तर पूरा भएको छैन। यसलाई पूरा गरेर पालिकाहरूलाई मुख्य व्यापारी केन्द्र र बजारसँग जोडिनेछ। यही सडकको समानान्तर हुने गरी तार्कुघाट-बेलघारी-रामचोक-बाँझाखेत भुलभुले-ङादी-बाहुनडाँडा-घेर्मु सडक निर्माण र स्तरोन्नति गरिनेछ।

**ख. मध्यपहाडी (पुष्पलाल) लोकमार्ग**

गोरखाको पालुङटार नगरपालिकाबाट लमजुङ प्रवेश गरेको यो लोकमार्गले राइनास नगरपालिका, सुन्दरबजार नगरपालिका तथा मध्यनेपाल नगरपालिकाको केन्द्रलाई जोड्छ। जिल्लाको पूर्वबाट पश्चिम तर्फ लाग्ने यो सडकले डुम्रे-बेसीशहर-चामे सडकलाई सुन्दरबजारमा क्रस गर्छ। यसबाट जिल्लाको व्यापारिक केन्द्रको रूपमा सुन्दरवजार नगरपालिकाको विकासमा सहयोग पुग्छ। लमजुङ, तनहुँ र गोरखा जिल्लाका सुन्दरबजार, राइनास, भानु र पालुङटार नगरपालिकाहरूको सहकार्यमा मर्स्याङ्दी कोरिडोरमा मेडिकल, इन्जिनियरिङ,कानूनलगायतका विषयमा उच्च अध्ययन गर्ने कलेज र अनुसन्धानात्मक संस्था सञ्चालन गर्नका लागि यो सडकले मुख्य मेरुदण्डको रूपमा सहयोग गर्छ। यसबाट यसका वरिपरि विभिन्न व्यवसायिक गतिविधि सञ्चालन गरिनेछ।

**ग. पाउँदी-दूधपोखरी-राइनास चक्रपथ**

मध्यपहाडी लोकमार्गको धमिलिकुवाबाट बोराङखोला-बिचौर हुँदै इलिमपोखरी-गौँडा-राइनास-मोहोरियाकोटबाट पाउँदी आइपुग्छ। यस चक्रपथभित्र १६ वटा मावि पर्छन्।विद्यालयमा यातायातको व्यवस्था गर्दा विद्यालय, शिक्षक, विद्यार्थी एकीकृत गरी सिकाइ उपलब्धिहरूमा उल्लेख्य सुधार ल्याउन सकिन्छ। यस सडकको स्तरोन्नति पछि बजारको पहुँच सुनिश्चित हुन्छ। पश्चिम गोरखा र पूर्वी लमजुङको आर्थिक गतिविधिमा प्रभाव पार्छ। किसानलाई बजारको पहुँच सुनिश्चित हुन्छ। राइनासकोट होमस्टे, सर्वोदयधाम, इलिमपोखरी, गौँडा र लिपे पदमार्गका लागि महत्त्वपूर्ण मेरुदण्डका रूपमा विकास गर्न सकिन्छ। यसबाट पर्यटन प्रवर्द्धनमा सहयोग पुग्छ र आर्थिक समृद्धि प्राप्त हुन्छ।

**घ. भोटेओडार-नौथर-सेरा-पाचोक-जोर्ने सडक**

भूकम्प आकस्मिक सहयोग परियोजनाबाट निर्माण प्रारम्भ गरिएको यो सडकलाई स्तरोन्नति गरी दोर्दी गाउँपालिकाको केन्द्रसम्म पुग्न सकिन्छ। पाचोकबाट दूधपोखरी गाउँपालिकालाई केन्द्र जोर्ने बजारसँग जोड्छ। यसबाट लिपे पदमार्गका साथै, इलिमपोखरीको पर्यापर्यटनको विकासमा सहयोग पुग्छ। कृषि, पशुपालन र पर्यटकीय गतिविधिको वृध्दि भई आर्थिक विकासमा योगदान पुग्छ।

**ङ. उदीपुर-रामचोक-सेरा-छोटेखोला-केमेडाँडा सडक**

नेकपा (एमाले) ले गण्डकी प्रदेशको नेतृत्व गरेपछि गण्डकी प्रदेश सरकारको आर्थिक लगानीमा निर्माणाधीन यो सडकले दोर्दी गाउँपालिकाकै केन्द्र र दोर्दी कोरिडोरको प्रमुख आर्थिक गतिविधि गर्ने सडक हो। दोर्दी खोलाका हाइड्रोहरूको अध्ययन गर्न चाहनेहरूलाई यसबाट सहयोग पुग्छ। यो सडक दोर्दी गाउँपालिकाको लाइफ लाइन

हो। हिमाली क्षेत्रको आर्थिक गतिविधिमा यसले सघाउँछ। उच्च हावापानीमा उत्पादित उत्पादनहरूको बजारीकरणमा सहयोग पुग्छ। छरिएका बस्तीहरू जोड्ने सडक भएकाले शिक्षा, स्वास्थ्य, कृषि, पयर्टनलगायत क्षेत्रमा लगानीको प्रतिफल लिन सहयोग पुग्छ।

**च. रिंठेबगर-तिलाहार-हिलेबजार-फलेनी सडक**

यो सडकले बेसीशहर नगरपालिकाको ११ नम्बर वडा कार्यालय र दोर्दी गापाका ३ वटा वडालाई मुख्य बजारसँग जोड्छ। दोर्दी गापाका लागि यो वैकल्पिक मार्ग पनि हो। मेमे र बाह्रपोखरी क्षेत्रको पर्यटन गतिबिधिका लागि सहयोगी मार्ग हो। पर्यटन विकास र जडिबुटी उत्पादन बजारीकरणमा यसले सहयोग गर्दछ।

**छ. सुन्दरबजार-कुन्छा-दुईपिप्ले सडक**

यो हुलाकी मार्ग हो। पहिले लमजुङबाट पोखरासम्म हुलाक चल्ने बाटो भएकाले यसलाई हुलाकी मार्ग भनिएको हो। सुन्दरबजार नगरपलिका र मध्यनेपाल नगरपलिकालाई मात्र नभइ तनहुँ जिल्लालाई पनि आर्थिक गतिविधिमा समेट्ने र पोखरासँग जोड्ने भएकाले यो सडक मध्यपहाडी लोकमार्गको समानान्तर पनि हो। यो विकासको वैकल्पिक मार्ग पनि हो। यस क्षेत्रको आर्थिक गतिविधिमा यसले दुईपिप्लेमा बजार विस्तार गर्न सघाउँछ। व्यास मार्गसँग भेटिएको यो सडक न्यौपानेबेंसी हुँदै पोखरा लाग्छ। यसको स्तरोन्नतिको काम प्रारम्भ भए पनि पूरा हुन सकेको छैन। यसलाई पूरा गरेपछि बजारीकरण र प्रदेश राजधानीसँग जोडिनेछ।

**ज. व्यास मार्ग**

यो लमजुङमा निर्माण गरिएको पुरानो सडक मध्येको एक हो। पृथ्वी राजमार्गको दमौलीबाट लमजुङको पसगाउँसम्म पुग्न सक्ने यो सडक दक्षिण पश्चिम लमजुङको लाइफलाइन हो। यसबाट रम्घाटार, भोर्लेटार, करापुटार बजारको विस्तार, उत्पादनको बजारीकरण र पर्यटनको विकासमा सहयोग पुग्दछ।

**झ. बेगनासताल-करापुटार-गिलुङ-साल्मेभञ्ज्याङ-मालिङ-कपुरगाउँ सडक**

प्रदेश राजधानी पोखरासँग लमजुङलाई जोड्ने मात्र नभइ क्व्होलासोथार गाउँपालिकाको केन्द्रसमेत जोड्ने भएकाले यो सडकलाई गण्डकी प्रदेश सरकारबाट पालिका केन्द्रसँग जोड्ने सडकका रूपमा निर्माण गरिएको हो। करापुटारसम्म कालोपत्रे भएको यो सडकको स्तरोन्नति भइरहेको छ। मालिङबाट कपुरगाउँ जोडिएपछि अर्को चक्रपथ बन्दछ। यो चक्रपथले आर्थिक गतिविधिमा सहयोग पुग्छ।

**ञ. बेसीशहर-बाग्लुङपानी-घलेगाउँ-भुजुङ-पसगाउँ सडक**

२०५४ सालबाट हरित सडकका रूप निर्माण प्रारम्भ भएको यो सडक प्रसिद्ध होमस्टे घलेगाउँ पुग्छ। यो क्व्होलासोथार गाउँपालिकाको वाग्लुङपानी, घलेगाउँ, भुजुङ, पसगाउँ, सिङदीसम्म पुग्छ। यसले पोखरा जाने उच्च पहाडी वैकल्पिक मार्गको काम पनि गर्दछ। यसबाट होमस्टे, गुरुङ सम्पदा मार्ग र अन्नपूर्ण संरक्षण क्षेत्रमा पदयात्राका लागि पर्यटकीय गतिविधिमा वृद्धि भई समृद्धिको ढोका खोल्दछ। यो सडकले गाँउपालिकाको केन्द्र, जिल्ला सदरमुकाम र पोखरालाई एक आपसमा जोड्छ।

लमजुङ जिल्लाका यी १० विकासका मेरुदण्डलाई स्तरोन्नति गर्नुपर्छ। यी सडकसँग जोडिएर पालिका र वडा केन्द्र जोड्ने वा मुख्य सडकसँग जोडिने गरी योजना निर्माण र बजेट व्यवस्थापन गरिनेछ। यिनै सडकसँग जोडिएर विद्युत लाइन, इन्टरनेट, होटेल रेस्टुराँ, रिसोर्टहरू, विद्यालय, महाविद्यालय, व्यापारिक भवनहरू, साना उद्योगहरू विकास गरिनेछ। सडकका सुविधा पुगेका र सम्भावनाको प्रचुरताका आधारमा आधुनिक शहरी सुविधा सहितका साना शहर विकास हुनेछ। आगामी २० वर्ष भित्र जनसङ्ख्याको ठूलो हिस्सा यिनै विकासका मेरुदण्ड भएका सडकमा केन्द्रित हुनेछ।

**विकासको यो मेरुदण्डमा जोडिने गरी निम्न सडकहरू निर्माण गरिनेछ।**

**१. राइनास नगरको चक्रपथ कालोपत्र गरिनुका साथै निम्न सडकहरू स्तरोन्निति गरिनेछ।**

- मजुवा-भलायखर्क-पन्थेडाँडा सडक
- चेपेखोला काली रहबाट नारिनघाट जोड्ने सडक
- धमिलीकुवा-मोहोरियाकोट सडक
- सातविसे-ढाडखर्क-मोहोरिया सडक
- सातविसे-पन्थेडाँडा-आठस्वाँरा-पात्लेपानी सडक
- बेलघारी-महादेवस्थान-साततले-कुँडुले-कोकेगाउँ-पात्लेपानी सडक

**२. दोर्दी-तिलहार-हिलेबजार-फलेनी-लप्सीबोट सडक स्तरोन्नतिका साथै निम्न सडक सञ्जाल निर्माण गरिनेछ ।**

- पाचोकबेंसी-बारीगाउँ-फोर्जुङ-छतिगाउँ सडक
- नयाँवस्ती-आरुबोटे-कुप्लिङ-दाम्राङ सडक
- हिलेबजार-टाप-बाह्रपोखरी सडक
- बेलघारी-भारते-गौंडा सडक
- अर्चलबोट-साल्मे-ओखरी सडक
- लामाबगर-लक्ष्मी मावि-ओखरी-गौंडा सडक
- शेरा-कामचोक-दाम्राङ सडक
- छोटखोला-छुमस्वाँरा सडक

**३. मर्स्याङ्दी गाउँपालिकाको ङादीदेखि बाहुनडाँडा-सञ्जापु-न्युरी सडक निर्माण र स्तरोन्नति गरिनुका साथै निम्न सडक सञ्जालहरू निर्माण र स्तरोन्नति गरिनेछ।**

- खुदी-रोप्लेफाँट-भाचे-नायुँ-घनपोखरा सडक
- भुलभुले-भुष्मे-रिङटाङ सडक
- ङादी-उस्ता-छिनखोला-बाह्रपोखरी सडक
- ठुलीबेंसी-नाइँचे-डहरे सडक
- खुदी-सिउरुङ-कालाघिरिङ-शीलढुंगा-स्याँगे सडक
- खुदी-सिम्पानी-भलामचौर-घलेगाउँ सडक
- खुदी-पामचोक-सेग्ले-भलामचौर सडक
- खुदी-लामागाउँ-नजरे-कपुरगाउँ सडक
- बाहुनडाँडा-घेर्मु सडक

**४. बेंसीशहर नगरपालिकाको रानीकुवा-काउलेपानी-शीतलेस्वाँरा-पुरानकोट-नेटा-बांग्रे सडक स्तरोन्नति गरिनेछ । साथै निम्न सडकको स्तरोन्नति गरिनेछ ।**

- बरबोट-चौर-बेंसीशहर सडक
- बाग्लुङपानी-नाल्मा-करापुटार सडक
- बेंसीशहर-मकैडाँडा-सारिङ-भलामसेरा-खुदी सडक
- बेंसीशहर-मकैडाँडा-सारिङ-नजरे-कपुरगाउँ सडक
- भकुण्डे-चिसापानी-चौंडिला सडक
- गैरी-नरूवल-चिसापानी-गहते सडक

- बेंसीशहर-हिलेटक्सार-पुरानो दुवार सडक
- बेंसीशहर-बाँझाखेत-गाउँ भाचोक-पुरानो दुवार सडक
- बेंसीशहर-रातमाटा-सिरुबारी-गाउँ भाचोक सडक
- बेंसीशहर-खासुरबेंसी-खाँचे-बाह्रपोखरी सडक
- चिती-तिलाहार-चिसापानी-माझगाउँ-टक्सार सडक
- बुढीकुवा-कार्कीडाँडा-हिले-लाँकुरीबोट-माझगाउँ सडक्र
- रानीकुवा बाखेजगत खण्डको डमरु-ज्यारखाङ सडक
- बेसीशहर-बिम्दा-शितलेस्वाँरा सडक

५. **सुन्दरबजारको परेवाडाँडा-राइपाली-तान्द्राङ-समीभञ्ज्याङ-पराजुलीबेंसी सडक स्तरोन्नति गरिनुका साथै निम्न सडकहरुको सञ्जाल निर्माण गरिनेछ ।**

- भोटेओडार-गहते-चिसापानी-दारेगौंडा-गाउँशहर सडक
- तार्कु-थाक्ले सडक
- सत्रसय-दुराडाँडा-पाणिनी-नेटा-बांग्रे-भोर्लेटार सडक
- सत्रसय-दुराडाँडा-तुर्लुङकोट-सिन्दुरे-पुरानकोट-बाखेजगत सडक
- सत्रसय-बाघेडाँडा-चिसापानी सडक
- नेटा-जिताकोट सडक
- सुन्दरबजार-भोटेओडार हुलाकी सडक
- तार्कुखहरे-गहते-चिसापनी सडक

६. **मध्यनेपालको दुईपिप्ले-समीभञ्ज्याङ-सूयर्पाल सडक स्तरोन्नति गरिनुका साथै निम्न सडक निर्माण र स्तरोन्नति गरी सञ्जालीकरण गरिनेछ ।**

- सोतीपसल-सूर्यपाल सडक
- सोतीपसल-टक्सार-जिताकोट सडक
- भोर्लेटार-बांग्रे-नेटा-पाणिनी सडक
- कल्याङबेंसी-करापु-छापा भञ्याङ सडक
- करापुटार-सेतापैरा-बांग्रेबेंसी-हाँडीखोला-बर्धन-गैरीगाउँ-फोस्रे-चौंडिला-भकुण्डे सडक
- बांग्रेबेंसी-हाँडीखोला-नेटा सडक

७. **क्व्होलासोथारको बालुवा-भोंजे-साल्मेभञ्ज्याङ-सडक निर्माण र स्तरोन्नति गरिनुका साथै निम्न सडक सञ्जालीकरण गरिनेछ ।**

- रुदीखोला-सिङ्दी र पसगाउँ सडक
- मालिङ-सैलुङ सडक स्तरोन्नति
- मिदिम करिडोर सडक निर्माण
- साल्मेभञ्ज्याङ-घाम्राङ-पसगाउँ सडक
- बेत्यानी-घेम्ले-गिलुङ सडक
- बालुवाबेंसी-चरागाउँ-कुमलुङ-भोंजे-च्ह्यार्गे सडक
- चिम्रो-डोंठाकों-चरागाउँ सडक
- घाम्राङ-तामु सडक

**८. दूधपोखरीको कुर्येले-घरेढुंगा-ताजि-सानोकाभ्रे-ठुलोकाभ्रे-फुलिङगिरी सडक निर्माण र स्तरोन्नति गरिनुका साथै निम्न सडक सञ्जालीकरण गरिनेछ ।**

- कुर्येले-नमार्खु-सामघडेरी-ताजी सडक
- पोखराटार-ताजी-सामघडेरी सडक
- बन्सारबेंसी-मिथोभञ्ज्याङ-जोर्ने सडक
- गौंडा-काठेस्वाँरा-कोल्की सडक
- भुइस्वाँरा-उम्लीस्वाँरा-डाँडाथोक-गौंडा सडक
- सेर्ले-कालीमाटी-गौंडा सडक
- ठुलोकाभ्रे-सानोकाभ्रे-बिचौर-पातले सडक

**उपयुक्त सडक सञ्जालमा पर्न आउने निम्न सडक पुलहरु निर्माण गरिने छ ।**

**सडक पुलहरुः** १) बांग्रेबेंसी असीफाँट जोड्ने पुल, २) मिदिमखोला पुल भुजुङ– कमागाउँ, ३) रुदीखोला पुल बेत्यानी, ४) रुदीखोला पुल चिम्रो, ५) पिस्तीखोला पुल भोर्लेटार– भोर्लेबेंसी जोड्ने, ६) छोटेखोला पुल, ७) लोंदोखोला पुल, ८) किसेदीखोला पुल जितौरेमा, ९) रामचोक अलैंचे भोटेओडार जोड्ने सडक पुल, १०) बेलौतीबिसौना मस्र्याङ्दी नदी पुल, ११) मस्र्याङ्दी नदी (स्याँगे) पुल, १२) लाङ्दीखोला पुल सानोकाभ्रे बिचौर जोड्ने, १३) टाप गाउँ जाने छ्याङ्दीखोला पुल, १४) फलेनी जाने छ्याङ्दीखोला पुल, १५) खहरेखोला पुल बाँझखेत, १६) कुप्लिङ जाने भाचोक खोला पुल, १७) खिन्चोक खोला पुल, १८) बन्सार खोला पुल, १९) स्याउत खोला पुल, २०) गलौंदीखोला पुल र २१) खहरेखोला पुल मध्यनेपाल **२२) सत्रसय वायेडाँडा किरिन्चे खोला पुल ।**

यसरी लमजुङ विकासका १० मेरुदण्ड र अर्का ८ वटा सहयोगी सडकको निर्माण विस्तार स्तरोन्नति हाम्रा प्राथमिकता हुन्। अन्य धेरै ग्रामिण सडक पनि स्तरोन्नति भइ सबै वडाहरूलाई सडक सञ्जालमा जोडिनेछ। यिनै सडक सञ्जालमा केन्द्रित रहेर बजारको विकास, लघु उद्यमहरू, पर्यटन प्रवर्द्धन र व्यावसायिक गतिविधि बढाई लमजुङलाई समृद्ध बनाइनेछ।

लमजुङलाई समृद्ध बनाउन क्षेत्रगत प्राथमिकता निर्धारण गरेर कार्यान्वयन गरिन्छ। यसका लागि पूर्वाधार, पर्यटन, कृषि, महत्त्वपूर्ण क्षेत्र हुन्। मूलतः पर्यटनलाई आर्थिक क्षेत्रको मेरुदण्डको रूपमा विकास गर्न सकिन्छ।यसका लागि होटेल, रेस्टुराँ, घरबास, ट्राभल र टूरका लागि आवश्यक जनशक्ति उत्पादन र लगानी दुवै गर्नु पर्छ। निजी क्षेत्रलाई जलविद्युत् क्षेत्रमा लगानी गर्न लगाइ विद्युत्को पहुँच र प्रयोगमा वृद्धि गर्नु पर्छ। विद्युत्को प्रयोगबाट एलपी ग्याँसको प्रयोग घटाउने, सिचाई, साना उद्योग र खानेपानी उपभोगमा विद्युत्को खपत बढाउनु पर्छ।कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाउन र गरिबी निवारणसँग जोड्न नगदे वाली र फलफूल खेतीलाई प्रोत्साहन गर्नुपर्छ। आलु खेती, एभोकाडो, ओखर, किवी, खुर्पानी, अलैंची, कुरिलो, खुर्सानी खेती व्यावसायिकीकरण गर्न सकिने खेती हुन्। धान, मकै, कोदो, फापर, चिनो, गहुँ, जौ जस्ता सालवसाली गरिने खाद्यान्न खेतीको बिउ उत्पादन गरेर आम्दानी बढाउन सकिन्छ। यसका लागि कृषि र पशु विज्ञान अध्ययन संस्थान (लमजुङ क्याम्पस) सँग सहकार्यात्मक अनुसन्धान प्रारम्भ हुनेछ। कृषिमा यान्त्रीकरण, जलवायु अनुकूलन, गरिबी न्यूनीकरण, शीत भण्डार निर्माण र बजारीकरण जस्ता कार्यमा निजी वा सहकारी संस्थाहरूको सहकार्य र सहभागितामा अघि बढाउन सकिनेछ।

विकासका लागि सबै कामबाट तत्काल नतिजा प्राप्त नहुन पनि सक्छ। तर गरिएका प्रयत्नहरूको एकीकृत काम नै हाम्रा विकास हुन्। ठूलो क्षेत्र समेट्ने र ठूलो आकारको बजेटको खोजी वा लगानीमा केन्द्रीय सरकारको भूमिका, मझौला आकारका बजेट वा लगानी प्रदेश सरकार र साना र सेवा प्रदायक योजनाहरूको सञ्चालनको काममा स्थानीय तहहरूको भूमिका महत्त्वपूर्ण हुन्छ। हाम्रो सङ्घीयता समझदारी समन्वय र सहकारिताको सङ्घीयता भएकाले

विकास कार्यमा पनि यसरी नै अघि बढाउन प्रतिनिधिसभामा नेतृत्व छनोटमा मुख्य ध्यान दिनुपर्छ। यसैले कमरेड पृथ्वीसुब्बा गुरुङलाई उहाँको योग्यता र अनुभवका आधारमा उम्मेदवारका रूपमा नेकपा (एमाले)ले उभ्याएको छ। हाम्रो विश्वास छ, समृद्ध र विकसित लमजुङका लागि आदरणीय मतदाताहरूले जनअनुमोदन गर्नुहुनेछ। सूर्य चिन्हमा मतदान गरी विजयी गराउनु हुनेछ।

**जनपक्षीय संसद् र नतिजामुखी बजेटको भावी मार्गचित्र**

विगतमा प्रतिनिधिसभामा देखिएको कम सक्रियताका कारण धेरै नेपालीमा असन्तोष देखिएको छ। प्रतिनिधिसभा सदस्यका रूपमा आगामी दिनमा सङ्घीय संसदलाई बहस गर्ने थलोमा मात्र सीमित नराखी जनपक्षीय कानून निर्माण र नीति तर्जुमाको वास्तविक केन्द्र बनाइन पहल गर्नुपर्छ। लोकतन्त्रको सुदृढीकरणका लागि संसद्ले सरकारलाई जनताप्रति पूर्ण रूपमा उत्तरदायी बनाउन हामीले निम्न अनुसारका कार्य योजना प्रस्ताव गरेका छौंः

**समावेशी र डिजिटल कानून निर्माणः** कानून निर्माण प्रक्रियालाई प्रत्यक्ष जनसहभागिता मूलक बनाउनका लागि पहल गरिनेछ। विधेयकहरूमाथि दफावार छलफल हुँदा सरोकारवाला र विज्ञहरूसँग सार्वजनिक सुनुवाइ गर्नुपर्छ। 'डिजिटल प्लेटफर्म' मार्फत नागरिकका सुझाव सङ्कलनको व्यवस्था मिलाइनु पर्छ। मतदाता सम्वाद प्रभावकारी बनाइनु पर्छ। कुनै पनि विधेयकको मस्यौदा तयार हुनुअघि त्यसको आवश्यकता र प्रभावबारे पूर्व-विधायिकी छलफल चलाइने परिपाटी स्थापित गरिनेछ।

**कानून कार्यान्वयनको अध्ययनः** कानून बनेपछि त्यसले समाजमा पारेको वास्तविक प्रभाव बुझ्न 'पोस्ट लेजिस्लेटिभ स्क्रुटिनी' (कानून कार्यान्वयनको परीक्षण) गर्ने पद्धतिको विकास गर्ने पहलको नेतृत्व म लिइनेछ। यसले गर्दा बनेका कानूनहरू व्यवहारमा लागू भए/नभएको सुनिश्चित हुनेछ। साथै, प्रत्यायोजित व्यवस्थापनमार्फत सरकारले बनाउने नियमावलीहरू मूल कानूनको मर्म अनुरूप रहे/नरहेको सूक्ष्म निगरानी गर्ने व्यवस्था मिलाइने छ । मतदाता अन्तरक्रिया सञ्चालन गरिनेछ ।

**आदरणीय लमजुङवासी जनसमुदाय**

मुलुकको वर्तमान सङ्कटको सफल व्यवस्थापन गर्न र दिगो विकासको अगुवाइ गर्न राष्ट्रलाई सही विचार सहितको नेतृत्व चाहिएको छ। अराजकता र अतिवादले समस्या मात्रै सिर्जना गर्छ, समाधान दिन सक्दैन भन्ने तथ्य समकालीन नेपाली राजनीतिले प्रस्ट पारेको छ। विध्वंसको नेतृत्वभन्दा निर्माणको नेतृत्व हाम्रा लागि महत्त्वपूर्ण र भविष्यदर्शी छ। आज समाजमा जातीय, भेगीय, सांस्कृतिक अतिवाद, लोकप्रियताको नाममा एल्गोदरिजमको बूई चढेको छ। यसले समाजलाई विभाजन गरिरहेको छ। यही यथास्थितिले अराजकतालाई प्रश्रय दिन्छ। विभाजन विध्वंसले मुलुकलाई अराजकतामा पुऱ्याउँछ। अराजकताबाट लोकतन्त्र सुदृढ बन्दैन। लोकतन्त्रको सुदृढीकरण र संविधानको रक्षा नेकपा (एमाले)बाट मात्र सम्भव छ।

हामी आजका चुनौतीका बिचबाट राष्ट्रलाई सही दिशा दिने सङ्कल्पका साथ तपाईंहरूका बीचमा छौं। तपाईंको यो मत मुलुकको समृद्धिका लागि बलियो राष्ट्रिय शक्ति निर्माणमा सदुपयोग हुनेछ। यसैले हाम्रा उम्मेदवार पृथ्वीसुब्बा गुरुङलाई विजयी बनाउन हार्दिक अपिल गर्दछौं। सूर्य चिन्हमा मतदान गरी अत्यधिक मतका साथ विजयी बनाऔं।

हार्दिक अभिवादन सहित

मितिः २०८२ फागुन ८

फागुन २१

सूर्य चिन्हमा मतदान गरौं

## लमजुङबाट प्रतिनिधि सभा सदस्यका लागि
## नेकपा एमालेका उम्मेदवार
## पृथ्वीसुब्बा गुरुङलाई सूर्य चिन्हमा मतदान गरी
## अत्याधिक मतले विजयी गराऔं ।

